# सुदूरपश्चिम प्रदेशको प्रदेश सभा (पहिलो संशोधन) नियमावली २०७६

प्रदेश सभा सचिवालय

सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली

# सुदूरपश्चिम प्रदेशको प्रदेशसभा (पहिलो संशोधन) नियमावली, २०७६

**प्रस्तावना :** प्रदेश नं.७ को प्रदेश सभा नियमावली, २०७४ लाई संशोधन गर्न बान्छनीय भएकोले नेपालको संविधानको धारा १९४ बमोजिम सुदूरपश्चिम प्रदेशको प्रदेश सभाले आफ्नो कार्य संचालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न र अन्य काम कारबाही नियमित एवं प्रभावकारी बनाउन देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस नियमहरुको नाम "सुदूरपश्चिम प्रदेशको प्रदेश सभा (पहिलो संशोधन) नियमावली, २०७६" रहेको छ ।

(२) यो नियमावली पारित गरे पछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली २०७४ को नियम १३ मा संशोधन :

सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली २०७४ (यस पछि मूल नियमावली भनिएको) को नियम १३ को उपनियम (१) मा रहेको "बढीमा सात जना" भन्ने शब्दको सट्टा "बढीमा ११ जना" भन्ने शब्द राखिएको छ ।

३. मूल नियमावलीको नियम ११० मा संशोधन : मूल नियमावलीको नियम ११० को, -उपनियम (१) को "सामान्य छलफल समाप्त भएको" भन्ने शब्दावली पछि रहेको "एक सय विस घण्टा" भन्ने शब्दहरुको सट्टा "७२ घण्टा" भन्ने अंक र शब्दहरु राखिएको ।

४. मूल नियमावलीको नियम १४६ को उपनियम (२) मा संशोधन : मूल नियमावलीको नियम १४६ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ ।

(२) उपनियम (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) सभामुख - अध्यक्ष

(ख) उपसभामुख - उपाध्यक्ष

(ग) सचिवालयको बरिष्ठतम अधिकृत - सदस्य

(घ) प्रदेश सभा सचिव - सदस्य सचिव

५. मुल नियमावलीको नियम १४८ मा संशोधन : मुल नियमावलीको नियम १४८ को, क्रम संख्या २ को सार्वजनिक लेखा समितिको कार्यक्षेत्रमा उल्लेखित प्रदेश लेखा परिक्षकको कार्यालयको प्रतिबेदन भन्ने शब्दावली हटाई उक्त स्थानमा महालेखा परिक्षकको कार्यालयको प्रतिबेदन भन्ने शब्दावली राखिएको छ ।

६. मूल नियमावलीको नियम २१३ मा संशोधन : मूल नियमावलीको नियम २१३ को सट्टा देहायको नियम २१३ राखिएको छ :-

२१३. बैठकलाई सम्बोधन : (१) नेपालका राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रतिनिधी सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्षलाई प्रदेश सरकारले अनुरोध गरेमा सभामुखले सभामा सम्बोधनका लागि अनुमति दिन सक्नेछ ।

(२) कुनै विदेशी राष्ट्र प्रमुख, सरकार प्रमुख, सभामुख, संयुक्त राष्ट्रसंघका महासचिवलाई नेपाल सरकारको सहमति लिई प्रदेश सरकारले अनुरोध गरेमा सभामुखले सभामा सम्बोधनका लागि अनुमति दिन सक्नेछ ।

(३) उपनियम (१) बमोजिम सम्बोधनको लागि अपनाइने प्रक्रिया कार्य व्यवस्था परामर्श समितिको परामर्शमा सभामुखले तोके बमोजिम हुनेछ ।

नेपालको संविधानको धारा १९४ बमोजिम बनाएको सुदूरपश्चिम प्रदेशको प्रदेश सभा (पहिलो संशोधन) नियमावली, २०७६ प्रदेश सभाको संवत् २०७६ बैशाख १० गते मंगलबारका दिन तेस्रो अधिवेशनको २६औं बैठकले पारित गरेकोले प्रमाणिकरण गर्दछु ।

माननीय अर्जुन बहादुर थापा
सभामुख
सुदूरपश्चिम प्रदेश
मिति :- २०७६/०१/११